# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, भदौ ३ गते, २०७८ साल (अतिरिक्ताङ्क ३४


## भाग ३

### निर्वाचन आयोगको

### सूचना

<u>राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७८</u>

राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ६० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरु बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरुको नाम "राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **<u>राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम ५ मा संशोधन:</u>** राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ को,-

(१) उपनियम (१) मा रहेका "केन्द्रीय समिति र संसदीय दलका कम्तीमा चालीस प्रतिशत सदस्यले" भन्ने शब्दहरुको सट्टा "महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति र नयाँ दर्ता भएको दलको हकमा त्यस्तो दल दर्ता हुँदाका बखतको केन्द्रीय समितिको बीस प्रतिशत वा सो भन्दा बढी सदस्य वा त्यस्तो दलको सङ्घीय संसदको संसदीय दलको बीस प्रतिशत वा सो भन्दा बढी सदस्यले एकैपटक" भन्ने शब्दहरु र सोही उपनियमको खण्ड (ग) मा रहेका "केन्द्रीय समिति र सङ्घीय संसदका संसदीय दलका कम्तीमा चालीस प्रतिशत सदस्यले" भन्ने शब्दहरुको सट्टा "महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति र नयाँ दर्ता भएको दलको हकमा त्यस्तो दल दर्ता हुँदाका बखतको केन्द्रीय समितिको बीस प्रतिशत वा सो भन्दा बढी सदस्य वा त्यस्तो दलको सङ्घीय संसदको संसदीय दलको बीस प्रतिशत वा सो भन्दा बढी सदस्यले एकैपटक" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (५) मा रहेका "केन्द्रीय समिति र संसदीय दलको चालीस प्रतिशत सदस्यको" भन्ने शब्दहरुको सट्टा "महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति र नयाँ दर्ता भएको दलको हकमा त्यस्तो दल दर्ता हुँदाका बखतको केन्द्रीय समितिको बीस प्रतिशत वा सो भन्दा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बढी सदस्य वा त्यस्तो दलको सङ्घीय संसदको संसदीय दलको बीस प्रतिशत वा सो भन्दा बढी सदस्यको एकैपटक" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छः-

"(६) उपनियम (१) बमोजिम सङ्घीय संसदको संसदीय दलको बीस प्रतिशत वा सो भन्दा बढी सदस्यले छुट्टै दल बनाउन निवेदन दिएकोमा त्यसरी निवेदन दिने सदस्यहरु संसदीय दलको बीस प्रतिशत वा सो भन्दा बढी रहे नरहेको सम्बन्धमा आयोगले सङ्घीय संसद सचिवालयमा पत्राचार गरी बुझ्न सक्नेछ ।

(४) उपनियम (७) पछि देहायका उपनियम (७क) र (७ख) थपिएका छन् :-

"(७क) ऐनको दफा ३३ को उपदफा (२) बमोजिम छुट्टै नयाँ दल गठन भएकोमा त्यस्तो दल गठन हुनु भन्दा तत्काल अघिको दलको तर्फबाट निर्वाचित प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यले त्यसरी नयाँ दल गठन भएको एक्काइस दिनभित्र प्रदेश सभा सदस्यले प्रदेश निर्वाचन कार्यालयमा प्रदेश निर्वाचन अधिकारी समक्ष र स्थानीय तहका सदस्यले जिल्ला निर्वाचन कार्यालयमा जिल्ला निर्वाचन अधिकारी समक्ष स्वयं उपस्थित भई अनुसूची-७क. बमोजिम सनाखत गर्नुपर्ने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७ख) उपनियम (७क) बमोजिम सनाखत गरेको विवरण सम्बन्धित निर्वाचन कार्यालयले सात दिनभित्र आयोगमा पठाउनु पर्नेछ ।"

३. **<u>मूल नियमावलीको अनुसूचीमा संशोधनः</u>** मूल नियमावलीको,-

(१) अनुसूची-५ मा रहेका "केन्द्रीय समिति र सङ्घीय संसदका चालीस प्रतिशत सदस्य भई" भन्ने शब्दहरुको सट्टा "महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति र नयाँ दर्ता भएको दलको हकमा त्यस्तो दल दर्ता हुँदाका बखतको केन्द्रीय समितिको बीस प्रतिशत वा सो भन्दा बढी सदस्य वा त्यस्तो दलको सङ्घीय संसदको संसदीय दलको बीस प्रतिशत वा सो भन्दा बढी सदस्यले एकैपटक" भन्ने शब्दहरु र सोही अनुसूचीको क्रमसङ्ख्या ४ को खण्ड (च) मा रहेका "केन्द्रीय समिति र सङ्घीय संसदका संसदीय दलका कम्तीमा चालीस प्रतिशत सदस्यले" भन्ने शब्दहरुको सट्टा "महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति र नयाँ दर्ता भएको दलको हकमा त्यस्तो दल दर्ता हुँदाका बखतको केन्द्रीय समितिको बीस प्रतिशत वा सो भन्दा बढी सदस्य वा त्यस्तो दलको सङ्घीय संसदको संसदीय दलको बीस प्रतिशत वा सो भन्दा बढी सदस्यले एकैपटक" भन्ने शब्दहरु राखिएका छन् ।

(२) अनुसूची-७ पछि संलग्न बमोजिमको अनुसूची-७क. थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-७क.

(नियम ५ को उपनियम (७क) सँग सम्बन्धित)

<u>प्रदेशसभा सदस्य तथा स्थानीय तहका सदस्यको सनाखतको ढाँचा</u>

यस आयोगमा दर्ता कायम रहेको ........................................................................................ नामक राजनीतिक दलबाट छुट्टिई बनेको ................................................... नामक राजनीतिक दलमा प्रवेश गर्न मञ्जुर भएकोले मैले राजीखुसीले सहिछाप गरेको हुँ । फरक ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

| क्र.सं. | सनाखत गरेको मिति | नाम | लिङ्ग | जन्म मिति | ठेगाना | नागरिकता नं.,जारी मिति र जिल्ला | प्रदेशसभासदस्यको हकमा प्रदेशको नाम | स्थानीय तहका सदस्यको हकमा | | | | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | जिल्ला | स्थानीय तह | पद | वडा नं. | |
| | | | | | | | | | | | | |

<u>द्रष्टव्यः</u>

१. प्रदेश सभा सदस्य र स्थानीय तहका सदस्यको सनाखत गराउँदा छुट्टाछुट्टै फारामको प्रयोग गर्नु पर्नेछ।

२. सनाखत गर्न आउने पदाधिकारी वा सदस्यले आफू निर्वाचित भएको सक्कल प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्र साथमा ल्याउनु पर्नेछ र सोको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ।

प्रमाणित गर्ने अधिकृतको,-

दस्तखत :

नाम :

दर्जा :

मिति : "

**आज्ञाले,**

**सुरेश अधिकारी**

**सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।–**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।